"समृद्ध आमचोक गाउँपालिका: सुखी र सुसंस्कृत आमचोकवासी"

# आमचोक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
वालंखा, भोजपुर

प.सं.: २०८१/०८२
च.नं.: १२२५

मितिः २०८२।०३।३२
नेपाल सम्वतः ११४५

विषयः सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा सूचीकरण सम्बन्धमा ।

श्री १ देखि १० नं. वडा कार्यालय सबै,
आमचोक गाउँपालिका ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च. नं. ३३९, मिति २०८२।०३।३० को प्राप्त पत्रानुसार सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (९) तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा (४) बमोजिम आर्थिक वर्ष २०८२।०८३ का लागि आर्थिक वर्षको भदौ मसान्तभित्र (श्रावण एक गते देखि भाद्र मसान्त सम्म दुई महिना) सम्बन्धित आ-आफ्नो वडा कार्यालयमा लाभग्राही स्वयम् उपस्थित भई देहाय अनुसार सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा लाभग्राही सूचीकरण गर्नु गराउनु हुन अनुरोध छ ।

देहाय

१. राष्ट्रिय परिचयपत्र वा परिचय नम्बर प्राप्त गरेका लाभग्राहीको हकमा अनिवार्य **NIN, Fingerprint Sanner** मार्फत सम्बन्धित वडा कार्यालयबाट नवीकरण गरिदिने । **Iris** डिभाईस मार्फत **Varification** हुन नसकेमा अन्य विकल्प जस्तै **Alpha Authentication (NIN** मा उल्लेख भएको बैयक्तिक विवरण तथा **Photo)** बाट **Varification** गरी नविकरण तथा सूचीकरण गरिदिने ।
२. नयाँ लाभग्राहीको रुपमा सूचीकरण हुन वा नवीकरणका लागि लाभग्राहीले **NIN** उपलब्ध गराएको तर कुनै पनि माध्यमबाट **NIN Varification** हुन नसकेमा प्रणालीमा सोही कुरा कैफियत जनाई सूचीकरण तथा नवीकरण गरिदिने ।
३. बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने, असक्त, असहाय वा नब्बे वर्ष माथिका जेष्ठ नागरिकको हकमा राष्ट्रिय परिचयपत्र नभए तापनि लाभग्राहीको रुपमा सूचीकरण वा नवीकरण गरिदिने ।
४. म्याद भित्र नवीकरण नभएका लाभग्राहीको लगत कट्टा गरिने र लगत कट्टा भएका लाभग्राहीले पुनः लाभग्राहीमा सूचीकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकाले सोही बमोजिम गरिदिने ।
५. आर्थिक वर्ष २०८२।०८३ को बजेट वक्तव्यको बुँदा नं. ३७५ मा आगामी आर्थिक वर्षदेखि (२०८२ साल श्रावण १ गते देखि) ७० वर्ष पूरा भएका नागरिकले जेष्ठ नागरिक भत्ता प्राप्त गर्ने व्यवस्था उल्लेख भएको हुँदा सोही बमोजिम जेष्ठ नागरिक अन्तर्गत नयाँ लाभग्राही सूचीकरण गर्ने । हाल प्राप्त गरीरहेका, दर्गम क्षेत्र र लक्षित वर्गका जेष्ठ नागरिकका हकमा भत्ता पाउने उमेर यथावत रहेकोले सोही बमोजिम नवीकरण गरिदिने ।
६. प्रणालीबाट मात्रै नवीकरण तथा सूचीकरण गराई अनिवार्य रुपमा निस्सा उपलब्ध गराउने ।

नोटः नयाँ दर्ता तथा नवीकरण गर्ने लाभग्राहीले भत्ता प्राप्तिका लागि भत्ता प्राप्त गर्ने सम्बन्धित बैंक खाता खोली उक्त खाता नम्बर सम्बन्धित वडा कार्यालयमा उपलब्ध गराउनुपर्ने हुन्छ । खाता नखोलेका वा कार्यालयमा नबुझाएका लाभग्राहीको भत्ता भुक्तानी नहुने हुँदा नयाँ नाम दर्ता गरेका लाभग्राहीहरुको समेत अनिवार्य खाता खोली उक्त खाता नम्बर उपलब्ध गराउनुहुन समेत यसै सूचना मार्फत अनुरोध गरिन्छ ।

.............................
धन कुमार राई
प्रमुख प्रशासकीय अधिकृत

Email: ito.aamchokmun@gmail.com
Phone: 9852081336